
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २६० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असोज १० गते बिहीबार ❑ 26 Sept. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## 'प्रकृति र संस्कृतिको बजारीकरण आवश्यक'

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असोज

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले नेपालको प्रकृति र संस्कृतिको विश्व पर्यटन बजारमा बजारीकरण आवश्यक भएको बताउनुभएको छ।

उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेशको आयोजनामा बुधबार आयोजित पोखरा पर्यटकीय राजधानी नीति संवाद कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले नेपाल विविधतापूर्ण प्रकृति र संस्कृतिको खुला सङ्ग्रहालय रहेको बताउनुभएको हो।

पोखरा पर्यटन राजधानी घोषणा भइसकेको अवस्थामा यसको साथर्कता पुष्टि हुनेगरी पर्यटकीय प्रवर्द्धन र विकास जरुरी रहेको बताउँदै उहाँले देशकै केन्द्र भागमा रहेको यहाँको पर्यटनले देशको समृद्धिमा विशिष्ट योगदान गर्ने धारणा राख्नुभयो। गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पर्यटन राजधानीको दायरा पोखरामात्र नभई फराकिलो रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "हाम्रो पर्यटन राजधानी घोषणा यहाँको ब्राण्डिङ पनि हो, पोखरासँगै समग्र गण्डकी प्रदेशलाई हामीले समेटेर अघि बढेका छौँ ।" लुम्बिनी प्रदेशका उद्योग, पर्यटन तथा यातायातमन्त्री प्रचण्ड विक्रम न्यौपानेले पोखरा विशेष पर्यटकीय सहरका रुपमा स्थापित बनिसकेको बताउँदै यसको सुन्दरतालाई जोगाउनुपर्ने बताउनुभयो । कर्णाली प्रदेशका उद्योग, पर्यटन तथा यातायातमन्त्री सुरेश अधिकारीले भगवान्ले फुर्सदमा बनाएको सहर पोखरा देशकै गौरव र सान भएको बताउनुभयो। सुदूरपश्चिम प्रदेशका उद्योग, पर्यटन वन तथा वातावरणमन्त्री लक्ष्मणकिशोर चौधरीले पोखरा आउने राजमार्गको चाँडो स्तरोन्नतिसँगै पोखरा धनगढी सिधा उडानको आवश्यकता औँल्याउनुभयो । कोशी प्रदेशका पर्यटन, वन तथा वातावरणमन्त्री सदानन्द मण्डलले पर्यटकीय विकासमा सहकार्य गर्दै अघि बढ्नुपर्नेमा जोड दिँदै कोशी प्रदेशले विसं २०८२ लाई भ्रमण वर्ष घोषणा गर्न लागेको जानकारी दिनुभयो । गण्डकी प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री मित्रलाल बस्यालले पोखरा पर्यटन राजधानी घोषणा भइसकेको अवस्थामा यसको प्रवर्द्धन र विकासलाई उच्च प्राथमिकतामा राखिएको बताउनुभयो । कार्यक्रममा पोखरा पर्यटन परिषद्का तर्फबाट वासु त्रिपाठीले पर्यटकीय राजधानी र हाम्रो दायित्व, पोखरा महानगरपालिका पर्यटन विकास समितिका तर्फबाट रविन्द्रराज पौडेलले पोखरा पर्यटन विकास, एक परिकल्पना, गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाले 'पोखरा पर्यटनको राजधानी' विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी, टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्य, गुरुङ पर्यटन व्यवसायी सङ्घ गण्डकीका अध्यक्ष बोबरजङ्ग गुरुङ, नाट्टा गण्डकी प्रदेशका अध्यक्ष किशोर दहाल, भिटोफ गण्डकीका अध्यक्ष शोभा सापकोटा, प्राज्ञ नगेन सिंहलगायतले पर्यटन प्रवर्द्धन र विकासबारे सुझाव दिनुभएको थियो।

## विपद् व्यवस्थापनका लागि हातेमालो गरौँ : गृहमन्त्री रमेश लेखक

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असोज



गृहमन्त्री रमेश लेखकले विपद् व्यवस्थापनका लागि सबैले हातेमालो गर्न जरुरी रहेको बताउनुभएको छ।

कास्कीको पोखरास्थित पुरानो पोखरा विमानस्थलमा विश्वखाद्य कार्यक्रम (डब्लुएफपी)ले निर्माण गरेको आपत्कालीन गोदाम घरको उद्घाटन कार्यक्रममा बुधबार उहाँले विपद्मा मिलीजुली अगाडि बढ्नुपर्ने बताउनुभयो । मौसमको खराबीका कारण पोखरा आउन नसकेपछि गृहमन्त्री लेखकले गोदामघरको भर्चुअल रुपमा उद्घाटन गर्नुभएको थियो। "विपद् व्यवस्थापनको कार्यमा हामीले एकअर्कालाई सहयोग गर्नका लागि मिलीजुली अगाडि बढ्नुपर्छ", उहाँले भन्नुभयो, "यस कार्यका लागि तीनैतहका सरकार, विकास साझेदार निजी क्षेत्र र मानविय सहायताका क्षेत्रमा काम गर्ने सङ्घसंस्था पुनःस्थापना, पुनःनिर्माणको चरणमा एक भएर अघि बढौँ । सम्भावित क्षति न्यूनीकरणका लागि हातेमालो गरौँ ।"

जलवायु परिवर्तनबाट सिर्जित नकरात्मक प्रभावले गर्दा नेपालमा क्षतिको परिणाम बढ्दै गृहमन्त्री लेखकले बताउनुभयो । "सबैखालका प्राकृतिक एवं मानव सिर्जित विपद्को सामना गर्न पूर्वतयारीको आवश्यकता पर्दछ," उहाँले भन्नुभयो, "पूर्व तयारीस्वरुप पछिल्लो आपतकालिन अवस्थामा विकास साझेदारका साथीहरूले सहयोग गर्दै आउनुभएको छ ।" सरकारले आपतकालिन गोदामघर व्यवस्थापन कार्यविधि जारी तयारी गरिरहेका उहाँले बताउनुभयो । पोखरामा गोदाम घरमा स्थापनापछि तीन तहको सरकार, मानवीय सहायता कक्षमा कार्य गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरू भण्डारण र वितरणमा जवाफदेही बन्नेमा उहाँले विश्वास व्यक्त गर्नुभयो । यसका लागि सरकारले जारी गर्न लागेको कार्यविधिले धेरै सहयोग गर्ने गृहमन्त्री लेखकले सुनाउनुभयो। गृहमन्त्री लेखकले वक्तव्य दिएर भर्चुअल रुपमा गोदामघरको उद्घाटन गर्नुभएपछि गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले ताम्रपत्र अनावरण गर्नुभएको थियो। मुख्यमन्त्री पाण्डेले प्रदेशले विपद् व्यवस्थापन कोष सञ्चालन गर्दै आएको जानकारी दिनुभयो। गण्डकी प्रदेश सरकारले सुरक्षा निकायको क्षमता अभिवृद्धि गर्दै राहत तथा उद्धारमा एकद्वार नीति अवलम्बन गर्दै आएको उहाँको भनाइ थियो। कार्यक्रममा नेपालका लागि युरोपियन युनियन (इयु)का राजदूत भेरोनिक लोरन्जोले विपद् जोखिमबाट हुने आपतकालिन अवस्थामा पोखरामा स्थापना गरिएको गोदामघर सहयोगी बन्ने धारणा राख्नुभयो । "पोखरा हिमालयले जति सुन्दर छ। त्यति नै जोखिम पनि छ", उहाँले भन्नुभयो, "जोखिमबाट हुने आपत्कालीन अवस्थामा गोदामघरले सघाउनेछ ।" युरोपियन युनियन नेपालको विपद् जन्य घटनामा सधैँ साथ र सहयोग गर्न तयार रहेको राजदूत लोरेन्जोले बताउनुभयो । यसका लागि डब्लुएफपीका माध्यमबाट अघि बढिरहेको उहाँले सुनाउनुभयो । युरोपियन युनियनको एक लाख ६१ हजार अमेरिकी डलरको सहयोगमा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरा २२ लाई बालश्रम मुक्त बनाउने अभियानमा पोउवा संघ

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असोज



पोखरा उद्योग वाणिज्य संघअन्तर्गतको सामाजिक विकास केन्द्रले पोखरालाई बालश्रम मुक्त क्षेत्र बनाउने अभियानअन्तर्गत वडा नम्बर २२ मा सरोकारवालासँग छलफल गरेको छ।

छलफलको क्रममा बालश्रममुक्त क्षेत्र निर्माणका लागि चाल्नुपर्ने आवश्यक कदमहरु, कानूनी पक्ष,वडा कार्यालय तथा नागरिक समाजको दायित्वबारे चर्चा गरिएको थियो। सामाजिक विकास केन्द्रका परियोजना निरीक्षक सफल बरालले बालश्रमविरुद्धको अभियानमा सरोकारवालाको भूमिका र कानूनी पक्षबारे जानकारी गराएका थिए। सामाजिक विकास केन्द्रका अध्यक्ष राजेन्द्रकुमार लालचनको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बोल्दै प्रमुख अतिथि गण्डकी प्रदेशका सभासद प्रकाश बरालले बालश्रम न्यूनीकरणका निम्ति उद्योग वाणिज्य संघले निभाएको भूमिका प्रशंसनीय भएको बताए । निजी क्षेत्रले सामाजिक उत्तरदायित्वका साथै समाज सुधारको क्षेत्रमा पनि योगदान गर्नुपर्ने उनको भनाइ थियो । कार्यक्रममा पोखरा २२ का जनप्रतिनिधिसहित टोल विकास संस्था, आमा समूह, बाल क्लब एवं अन्य नागरिकहरुको उपस्थिति रहेको थियो। किडासाको सहयोगमा सम्पन्नमा कार्यक्रममा बोल्दै कार्यवाहक वडाध्यक्ष संजिव गुरुङले बालबालिकाको हितका लागि वडाले बजेट विनियोजन गर्ने प्रतिवद्धता व्यक्त गरे । यसैगरी सामाजिक विकास केन्द्रले निकृष्ट श्रममा रहेका तथा भूमिहीन नागरिकको बस्तीमा सिकाइ केन्द्रसमेत संचालन गर्दै आइरहेको छ । ती ठाउँहरुमा रहेका बालबालिका तथा युवाहरुलाई एकत्रित गरी बाल तथा युवा क्लब पनि गठन गर्दै रचनात्मक कार्य पनि हुँदै आएको केन्द्रका अध्यक्ष राजेन्द्रकुमार लालचनले बताए । पोखराका विभिन्न ८ ठाउँमा रहेका ती केन्द्रहरुमार्फत् बालबालिकाहरुलाई गृहकार्य गर्न सघाउने तथा क्षमता अभिवृद्धिका लागि तालिम र विविध कार्य गरिँदै आएको उनको भनाइ छ। यही उपक्रममा केन्द्रको कम्युनिटी हब परियोजनाअन्तर्गत गठित ९ वटै बाल क्लबका ३२ जना बालबालिकाहरुलाई आफ्नो काम, कर्तव्य र अधिकारबारे

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पदमार्ग विकास र विस्तार मापदण्डबारे अध्ययन गर्न समिति


**पोखरापत्र संवाददाता**
पोखरा, ९ असोज



पर्यटनको राजधानी पोखरामा सम्पन्न पर्यटन विषयगत समितिको बैठकले पदमार्ग विकास र विस्तार मापदण्डबारे अध्ययन गर्न समिति गठन गर्ने निर्णय गरेको छ।

सङ्घीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बदीप्रसाद पाण्डेको अध्यक्षतामा प्रदेशका पर्यटनमन्त्री सम्मिलित विषयगत समितिको बैठकले उक्त निर्णय गरिको हो। बैठकका निर्णय सम्बन्धमा जानकारी गराउन आयोजित पत्रकार सम्मेलनमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले उक्त समितिले अध्ययन प्रतिवेदन तयारीगरी आगामी पर्यटन विषयगत समितिको बैठकमा प्रस्तुत गर्ने बताउनुभयो। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिवको नेतृत्वमा हुने उक्त समितिमा पर्यटन विभागका महानिर्देशक, नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत, टानका प्रतिनिधि, सातवटै प्रदेशका पर्यटन सचिव, गाउँपालिका र नगरपालिका महासङ्घका प्रतिनिधि रहने उहाँले जानकारी दिनुभयो।

विषयगत समितिको बैठक प्रत्येक तीनतीन महिनामा फरकफरक प्रदेशमा बस्ने निर्णय गरिएको बताउँदै उहाँले आगामी बैठक लुम्बिनीको ठाकुरद्वारामा गर्ने तय भएको जानकारी दिनुभयो । हवाई यातायातबाट आउने पर्यटकलेभन्दा स्थलमार्गबाट आउने पर्यटकले सुरक्षाजाँचलगायत विभिन्न समस्या झेल्नुपरेको अवस्था, भारतीय पर्यटकले रु २५ हजारभन्दा बढी ल्याउन नपाउनेजस्ता जटिलतालगायत विषय बैठकमा उठेको उहाँले बताउनुभयो । ती समस्या समाधानका लागि सम्बन्धित मन्त्रालयसँग पहल गर्नुका साथै देखिएका समस्या समाधानका लागि प्रधानमन्त्रीको अध्यक्षतामा हुने समन्वय परिषद्को बैठकमा व्यवस्थित रुपमा प्रस्तुत गरिने उहाँले जानकारी गराउनुभयो। पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानका लागि पहल भइरहेको उहाँले जानकारी गराउनुभयो । बैठकमा सातवटै प्रदेशलाई अघि सारेर नेपाल एयरलाइन्सबाट कम्तीमा ट्वीनेटर विमान खरिदगरी त्यसलाई प्रदेशभित्र सञ्चालन गरेमा हवाई यातायात सेवा सहज गर्न सकिन्छ की भन्ने सम्बन्धमा प्रारम्भिक छलफल भएको उहाँले बताउनुभयो। सङ्घ, प्रदेश, स्थानीय तहका साथै आम जनसमुदायबाट शेयर लगानी गरी पारदर्शी ढङ्गबाट विमान खरिदगरी सञ्चालन गर्न सकिएमा नेपाल जस्तो भौगोलिक अवस्थिति भएको देशमा आवागमन सहज बनाउन सकिने सम्बन्धमा छलफल गरिएको उहाँले जानकारी गराउनुभयो । पोखरा पर्यटन राजधानी घोषणा भएका सन्दर्भमा विद्यमान नीतिगत जटिलता, पूर्वतयारी, कानुनी प्रबन्धलगायत विषयमा अग्रसरता लिने सम्बन्धमा उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो।

# भुटानलाई हराउँदै नेपाल साफ च्याम्पियनसिपको सेमिफाइनलमा

रासस
काठमाडौं, ९ असोज

भुटानमा जारी साफ यु-१७ च्याम्पियनसिप फुटबल प्रतियोगितामा नेपालले भुटानलाई पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको छ।

भुटानको थिम्पुस्थित चाङ लिमिथाङ स्टेडियममा आज भएको समूह 'बी' को अन्तिम खेलमा नेपालले भुटानलाई २-१ को गोलअन्तरले पराजित गर्दै प्रतियोगिताको सेमिफाइनलमा पुगेको हो । खेलमा पहिलो अग्रता भने भुटानले लियो । खेलको ४३ औं मिनेटमा छिमी तोब्देन दोर्जीले गोल गरे । त्यसपछि खेलको ५६ मिनेटमा नेपालका कृष्णबहादुर आलेले गोल गर्दै खेललाई एक/एक गोलको बराबरीमा ल्याए ।

यसैगरी खेलको ८५ औं मिनेटमा नेपालका अर्का खेलाडी सुजन डङ्गोलले गोल गर्दै नेपाललाई २-१ को जीत दिलाए । जीतसँगै नेपाल तीन खेलबाट ६ अङ्क जोडेर समूह 'बी' को उपविजेताका रूपमा सेमिफाइनल पुगेको हो ।

दुई जीत र एक बराबरीसहित ७ अङ्क जोडेको पाकिस्तान समूह 'बी' को विजेता बन्दै सेमिफाइनल पुगिसकेको छ । नेपालले सेमिफाइनलमा समूह 'ए' को विजेता भारतसँग खेल्नेछ । त्यस्तै अर्को सेमिफाइनल खेलमा पकिस्तान र बाङ्लादेशबीच प्रतिस्पर्धा हुनेछ । दुवै सेमिफाइनल खेल यही असोज १२ गते हुनेछ।

# विपद्....

बनेको उक्त केन्द्रको गत चैतमा कास्कीका तत्कालीन प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेले शिलान्यास गर्नुभएको थियो । उक्त केन्द्रका लागि नेपाल नागरिक उड्डयन प्राधिकरणले चार रोपनी जग्गा उपलब्ध गराएको थियो । गोदाम घरमा राहत सामग्री, उद्धारका उपकरण, खाद्यान्न, जेनेरेटरलगायत सामग्री राखिएको गोदाम घर पोखराका बन्दोबस्ती सम्पर्क व्यक्ति रतिन्द्र खत्रीले बताउनुभयो । गण्डकीमा आइपर्ने मानवीय सङ्कटका बेला यो गादाम घर उपयोगी हुने उहाँको भनाइ छ ।विपद्को समयमा सङ्कलन हुने राहत सामग्रीको अभिलेख राख्ने, सहजीकरण गर्ने र उद्धार एवं राहत वितरणलाई छरितो बनाउनका लागि गोदाम घरमार्फत काम हुने खत्रीले बताउनुभयो ।

# पोखरा महानगरपालिका तेक्वान्दो संघको अध्यक्षमा हर्क गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, ९ असोज



पोखरा महानगरपालिका तेक्वान्दो विकास संघको अध्यक्षमा हर्क बहादुर गुरुङ चयन हुनु भएको छ।

पोखरामा बुधबार सम्पन्न भएको संघको पहिलो साधारण सभा तथा अधिवेशनले गुरुङको अध्यक्षतामा ४ बर्षीय कार्यकालको लागि ११ सदस्य नयाँ कार्यसमिति सर्वसम्वत रुपमा चयन भएको हो ।

त्यसै गरी संघको प्रथम उपाध्यक्षमा धर्मराज शाही, द्धितिय उपाध्यक्षमा महेश्वर अधिकारी, सचिवमा निरोज बहादुर नेपाली, कोषाध्यक्षमा रुद्र बहादुर गुरुङ (जुबु) चयन हुनु भएको हो भने अन्य सदस्यहरुमा मिरा गुरुङ, अस्मित लो लामा, कृष्ण भण्डारी, दीपक कुवंर, आविस्कार बस्ताकोटी चयन हुनु भएको हो । यस अघि उक्त कार्यक्रमको उदघाटन गर्दै गण्डकी प्रदेशका सांसद प्रकाश बरालले आउदै गरेको नवौं राष्ट्रिय खेलकुदमा तल्लो स्तर वडा हुदै पालिका, जिल्ला हुदै प्रदेशका खेलाडी उत्पादनमा खेल संघहरु सक्रिय भएर लाग्न आग्रह गर्नु भयो । पोखरामा खेल पर्यटनको अथाह सम्भावना भएको उहाँको भनाई थियो । कार्यक्रममा संघका गण्डकी प्रदेश अध्यक्ष जगन गुरुङ पदकको धैरै सम्भावना भएको तेक्वान्दो खेलको विकास र विस्तारमा सबै लाग्नु पर्ने बताउनु भयो ।

जिल्ला खेलकुद विकास समिति कास्कीका कार्यबहाक अध्यक्ष केशव बहादुर थापा, संघ कास्कीका अध्यक्ष कुमार गुरुङ लगायतले वोल्नु भएको थियो ।

# पोखरा....

प्रशिक्षण दिइएको छ । सामाजिक विकास केन्द्रका परियोजना निरीक्षक सफल बरालको प्रशिक्षण रहेको कार्यक्रमको संयोजन परियाजना सुभरभाइजर अन्जना कोइरालाले गरेकी थिइन् । यसैगरी केन्द्रको पहलमा गठन भएका ८ वटा सिकाइ केन्द्रमा गठन भएका युवा क्लबका पदाधिकारीका निम्ति दुई दिने वृत्ति विकास तालिम पनि प्रदान गरिएको छ । तालिममा व्यक्तिगत विकास ,उद्यमशीलता,स्वयंसेवाको अवधारणाबारे भक्तराज रसाइलीले प्रशिक्षण दिएका थिए । कार्यक्रममा ६४ जनाको सहभागिता भएको थियो ।

# 'आइसिसी'को वरियतामा नेपाल एक स्थान तल

रासस
काठमाडौं, ९ असोज

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)ले सार्वजनिक गरेको एकदिवसीय नयाँ वरियतामा नेपाल एक स्थान तल झरेको छ।

आइसिसीको नयाँ वरियताका अनुसार नेपाल एक स्थान तल झर्दै १७औं स्थानमा पुगेको हो । यसअघि नेपाल १६औं स्थानमा थियो । क्यानडामा भएको आइसिसी विश्वकप लिग-२ अन्तर्गत त्रिकोणात्मक सिरिजमा ओमान र क्यानडाविरूद्धको खेलमा नेपाल जितविहीन बनेको थियो । नेपालभन्दा तल नामिबिया १८औं स्थानमा छ भने ओमान १९औं स्थानमा छ । त्यसैगरी संयुक्त अरब इमिरेट्स (युएई) २०औं स्थानमा छ । यसैगरी नेपालभन्दा माथि अमेरिका रहेको छ । अमेरिकाले एक स्थान सुधार गर्दै १६औं स्थानमा उक्लेको हो । क्यानडाले चार स्थान सुधार गर्दै १५औं स्थानमा पुग्यो । नयाँ वरियताअनुसार भारत शीर्ष स्थानमा रहँदा अस्ट्रेलिया दोस्रो तथा दक्षिण अफ्रिका तेस्रो स्थानमा छ । त्यसैगरी पाकिस्तान चौथो, न्यूजील्याण्ड पाँचौं, श्रीलङ्का छैठौं, इङ्ल्याण्ड सातौं, बङ्गलादेश आठौं, अफगानिस्तान नवौं र वेस्ट इन्डिज दशौं स्थानमा छ । स्कटल्याण्ड एघार, आयरल्यान्ड बाह्र, जिम्बाब्वे तेह्र र नेदरल्याण्ड्स चौधौं स्थानमा छ ।

त्यसैगरी आइसिसीले जारी गरेको 'अलराउन्डर'तर्फको वरियतामा नेपालका सन्दीप लामिछाने २२ स्थान सुधार गर्दै ४१औं स्थानमा उक्लिएका छन् । अलराउन्डरतर्फ नै तीव्र गतिका बलर करण केसीले ११ स्थान सुधार गर्दै ७६औं स्थानमा उक्लिएका छन् । अर्का तीव्र गतिका बलर गुलसन झा १३ स्थान सुधार गर्दै ९१औं स्थानमा उक्लिएका छन् । अलराउन्डर वरियतामा नेपालका दीपेन्द्र सिंह ऐरी ४८औं, कुशल मल्ल ५१औं तथा सोमपाल कामी ५३औं स्थानमा छन् । आइसिसीले जारी गरेको बलिङतर्फको वरियतामा भने सन्दीप ४८औं स्थानमा यथावत् रहेका छन् । करणले चार स्थान सुधार गर्दै ८७औं स्थानमा उक्लिएका छन् । ब्याटिङतर्फको वरियतामा आसिफ शेख ११ स्थान तल झर्दै ७९औं स्थानमा पुगेका छन् । यसैगरी कुशल भुर्तेल चार स्थान तल झर्दै ८० औं स्थानमा रहेका छन् ।

# अन्नपूर्ण क्षेत्र सरसफाइ अभियान: सिसा र प्लाष्टिकका बोतलमा प्रतिबन्ध

पोखरापत्र संवाददाता
पोखरा, ९ असोज

पदयात्राका लागि प्रख्यात अन्नपूर्ण संरक्षण क्षेत्रलाई फोहरमुक्त बनाउन समुदायस्तरमा सरसफाइ अभियान सुरु भएको छ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)को अगुवाइमा त्यस क्षेत्रका पदमार्ग र पर्यटकीय गन्तव्यस्थलमा अभियान प्रारम्भ भएको हो । अन्नपूर्ण आधार शिविरमा सिसा र प्लाष्टिकका बोतल लैजान प्रतिबन्ध लगाइएको छ । "मर्दी हिमाल, तारा हिलटपलगायत क्षेत्रमा पनि सिसा र प्लाष्टिकजन्य सामग्री नलैजान र उत्पादित फोहर आफैँले लिएर आउन पर्यटकलाई आग्रह गरेका छौँ", आयोजना प्रमुख डा रवीन कडरियाले भन्नुभयो, "पदमार्ग र बस्ती क्षेत्रमा भएको फोहरलाई वर्गीकरण गरेर व्यवस्थापन गरिएको छ।" स्थानीय होटल व्यवस्थापन समिति, आमा समूहलगायत क्लब परिचालन गरेर फोहर व्यवस्थापन गरिएको हो । सङ्कलन भएको फोहरलाई पोखरामा ल्याई प्रशोधन गर्ने 'एक्याप'को योजना छ । अन्नपूर्ण क्षेत्रको भ्रमणमा जाने आन्तरिक तथा बाह्य पर्यटकलाई सकभर पुनःप्रयोगमा आउने सामग्री लिएर जान अनुरोध गरिएको छ ।

'एक्याप'भित्र पर्ने स्थानीय तहले पनि सरसफाइ अभियानलाई प्राथमिकता दिएका छन् । मुस्ताङको घरपझोङ गाउँपालिकाभित्र प्लाष्टिक झोला लैजान प्रतिबन्ध लगाइएको छ । 'एक्याप' भित्रने पर्यटकलाई 'मेटाकार्ड'मार्फत फोहर व्यवस्थापनसम्बन्धी सन्देश दिन थालिएको छ । घान्द्रुक, सिकलेस, धम्पुसलगायत सांस्कृतिक पहिचानका गाउँमा पनि सरसफाइ अभियान सुरु भएको 'एक्याप'ले जनाएको छ । सात हजार छ सय वर्ग किलोमिटर क्षेत्रमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १६ स्थानीय तहका ८९ वडा छन् । अन्नपूर्ण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, सभ्यता, संस्कृतिले देशविदेशका पर्यटकको रोजाइमा पर्ने गरेको छ । बर्सेनि असोज-कात्तिक र चैत-वैशाखमा उक्त क्षेत्रको पदयात्रा गर्ने पर्यटकको घुइँचो नै लाग्ने गर्छ । अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ, म्याग्दीको घोडेपानीलगायत अन्नपूर्ण क्षेत्रमा पर्ने पर्यटकीय गन्तव्यस्थल हुन् । कास्कीको खुमैडाँडा, कोरी, सिक्लेस, धम्पुस, ताङतिङ, ल्वाङलगायत गाउँ पनि पदयात्राका प्रमुखस्थल हुन् । कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायत जनसुकै मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दूरीको पदयात्रा सकिने पर्यटक पथप्रदर्शक दिवस गुरुङले जानकारी दिनुभयो ।

अन्नपूर्ण क्षेत्रमा गत आर्थिक वर्षमा दुई लाख २२ हजार एक सय ८० विदेशी पर्यटक भित्रिएका थिए । ती मध्ये एसियाली मुलुकका एक लाख १७ हजार आठ सय ४५ र अन्य मुलुकका एक लाख चार हजार दुई सय ५६ पर्यटक रहेका छन् । चार वर्षअघि अन्तर्राष्ट्रिय 'ट्राभल साइट' लोन्ली प्लानेटले अन्नपूर्ण चक्रीय पदमार्गलाई विश्वका घुम्नैपर्ने दश गन्तव्य सूचीमा समावेश गरेको थियो ।

# घान्द्रुक जाने सडक दुई महिनापछि खुल्यो

पोखरापत्र संवाददाता
पोखरा, ९ असोज

प्रमुख पर्यटकीय गन्तव्य अन्नपूर्ण आधार शिविर (एबिसी)को प्रवेशद्वार घान्द्रुक जाने प्रमुख सडक साढे दुई महिनापछि खुलेको छ ।

नयाँपुल-बिरेठाँटी-घान्द्रुक सडकको अन्नपूर्ण-१० किलुमा गत असार २० गते पहिरोले अवरुद्ध भएको थियो । सो सडक मङ्गलबारेदेखि पूर्ण रूपमा सञ्चालनमा आएको पूर्वाधार विकास कार्यालयका प्रमुख सोभित खड्काले जानकारी दिनुभयो । पहिरोले सडक अवरुद्ध हुँदा स्थानीयवासी समस्यामा परेका थिए । सडक नखुल्दा गाउँमा पर्यटकीय गतिविधि पनि प्रभावित भएको र पोखराबाट घान्द्रुकसम्मको सिधा यातायात सम्पर्क टुटेको थियो ।

गण्डकी प्रदेश भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय मातहतको पूर्वाधार विकास कार्यालय कास्कीको आर्थिक सहयोगमा सडक मर्मत गरिएको हो । पूर्वाधार विकास कार्यालयको रु २५ लाख र रु दुई लाख २५ हजार स्थानीय जनश्रमदानबाट गरी रु २७ लाख २५ हजार लगानीमा सडक मर्मत गरिएको कार्यालयका प्रमुख खड्काले बताउनुभयो । "सडकको बीचको भाग भासिँदा एकतिरको गाडी अर्कोतिर जान नसक्ने समस्या थियो । घान्द्रुक जाँदा आधा बाटोसम्म एउटा गाडीमा जाने र त्यसपछि पारिपट्टि रहेको गाडी प्रयोग गर्नुपर्ने बाध्यता थियो । भिरबाट ग्याबिन जालीसहित पर्खाल लगाएर सडक मर्मत गरेका छौँ", उहाँले भन्नुभयो । अन्नपूर्ण गाउँपालिका-१० का वडाध्यक्ष गौतम गुरुङले घान्द्रुक बसपार्कसम्म अब गाडी सजिलै जाने र लामो समयदेखिको अवरोध हटेको बताउनुभयो । पर्यटकको आगमन बढ्ने समयमा सडकको अवरोध हटेकामा घान्द्रकका पर्यटन व्यवसायी उत्साही छन् । घान्द्रुकका पर्यटन व्यवसायी अमृत गुरुङले गाउँले र पर्यटकले आवातजावतमा समस्या भोग्नुपरेकामा समस्या समाधान भएको भन्दै खुसी व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "घान्द्रुक गाउँ नजिकै सडक भासिएको थियो । एउटा गाडीमा गएर, बीचमा झरेर अलिकति हिँडेर अर्को गाडीमा जानुपर्ने बाध्यता थियो । घान्द्रुकको स्थानीयलाई गाह्रो भयो । पर्यटक आउने जाने कुरामा अप्ठेरो भएको थियो । अब सहज भएको छ ।"


नयाँपुल-बिरेठाँटी-घान्द्रुक सडकखण्ड १७ किलोमिटर लामो छ । यही सडकखण्डअन्तर्गत पर्ने नयाँपुल-बिरेठाँटी-कुलडाँडा-घान्द्रुक-उरी सडक निर्माण तथा स्तरोन्नतिका लागि चालु आर्थिक वर्षमा रु एक करोड ५० लाख बजेट प्रदेश सरकारले विनियोजन गरेको छ । घान्द्रुक विश्वप्रख्यात अन्नपूर्ण आधार शिविरको प्रवेशद्वारसमेत हो । पर्यटकीय मौसममा घान्द्रुक हुँदै दैनिक सयौँ पर्यटक एबिसी पुग्छन् । पछिल्लो समय घान्द्रुक पर्यटनको 'हब' बन्दै गएको छ । गुरुङ संस्कृतिसँग रमाउन र दृश्यावलोकनका लागि आन्तरिक पर्यटक वर्षभरि नै यहाँ पुग्ने गर्दछन् ।


## नेपालको संबिधानका मुख्य बिशेषताहरु

- जननिर्वाचित संबिधानसभाबाट जारी भएको पहिलो संविधान,
- सार्वभौमसत्ता एवम् राजकीय सत्ता नेपाली जनतामा निहित,
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन ब्यवस्था,
- संसदीय शासन प्रणाली, स्वतन्त्र न्यायपालिका,
- धर्मनिरपेक्षता तथा समावेशीकरणको सिद्धान्तलाई आत्मसात,
- आवधिक, प्रत्यक्ष र समानुपातिकसहितको मिश्रित निर्वाचन प्रणाली,
- मानव अधिकार र विधिको शासनको प्रत्याभुति,
- संबिधानवाद एवम् लोकतान्त्रिक मुल्यमान्यतामा आधारित ।

नेपाल सरकार
विज्ञापन बोर्ड

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको बीच बीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर तचले ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्कः
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्युरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०१, ९८५६०२६७५०, ९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५२१५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# खाने तेलको मूल्यवृद्धि रोक

नेपालीका ठुला चाडपर्व दसैंतिहार आउनै लाग्दा खानेतेलको मूल्यमा वृद्धि भएको छ। पछिल्लो एक/डेढ साताको बिचमा खानेतेलको मूल्य प्रतिलिटर २० रुपियाँका दरले थोकमै वृद्धि भएको छ। यो मूल्य खुद्रामा पुग्दा अझै बढेको र यसको प्रत्यक्ष मार सर्वसाधारण उपभोक्तामा परेको छ। सरकारले सुशासनको कुरा गर्ने काम नगर्ने ज्वलन्त उदाहरण खानेतेलको मूल्य वृद्धि हो।उपभोक्ताहरू मूल्यवृद्धिको मारमा परिरहे पनि सरकारी निकायले यसमाथि कुनै अनुगमन वा कारबाही अघि बढाएको छैन। चाडपर्वमा धेरै बिक्री हुने र थोरै अबधिमा धेरै कमाउन सकिने हुँदा व्यापारी र सरकारी निकायबीच घनिष्ट सम्बन्ध रहँदै आएको छासरकार कहिले ढल्ने हो भन्ने हौवा खडा गरेर विभागीय मन्त्रीलाई चुप बनाउन सक्ने र कर्मकाण्ड जस्तो बजार अनुगमनमा जानेको खुट्टा लुलो बनाउने 'उपचार' चल्दै आएको छ।

पछिल्लो समयमा खानेतेलको मूल्यमा अस्वाभाविक वृद्धि भएपछि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले यसलाई नजिकबाट नियालिरहेको बताएको छात्यो नजिकै बाट नियालेर कार्वाही गर्न सक्ने नैतिकता र क्षमता राख्दैन। विभागले मूल्यवृद्धिको विषयलाई नियालिरहेको र केही तेल उत्पादक उद्योगसँग यस विषयमा सोधपुछ गर्ने काम पनि भइरहेको बताएर जनतालाई अल्मलाउने काम मात्र हो। बजारमा मूल्यवृद्धि हुनेबित्तिकै कारबाही गर्न नमिल्ने र "मूल्य बढ्नासाथ कारबाही गर्ने अधिकार हामीसँग छैन। भन्नू उपभोक्तालाई महंगोमा किन्न बाध्य पार्नु हो। मूल्य बढेपछि त्यसको कारण पत्ता लगाउने अनुगमनबाट अस्वाभाविक रूपमा मूल्यवृद्धि भएको पाइएमा कारबाहीको प्रक्रिया अगाडि बढाउने विभागको लाचारी हो।

नेपाल खाद्य किराना तथा थोक व्यापार सङ्घका अध्यक्ष देवेन्द्रभक्त श्रेष्ठले पछिल्लो एक/डेढ साताको बिचमा खानेतेलको मूल्य थोकमै प्रतिलिटर २० रुपियाँले बढेको जिकिर गर्छन। केही दिनदेखि सबैखाले खानेतेलको मूल्य प्रतिकार्टोन दुई सय रुपियाँ र प्रतिलिटरमा २० रुपियाँले बढेर बजारमा आएको छ। नेपाल खुद्रा व्यापार सङ्घका अनुसार खानेतेलको मूल्य उपभोक्तासम्म पुग्दा ३० रुपियाँसम्म महँगो भएको छ। खुद्रा व्यापारीका अनुसार थोक व्यापारीले प्रतिकार्टोन खानेतेलमा दुई सयदेखि तीन सय रुपियाँसम्म मूल्यवृद्धि गरेका छन्। सङ्घका अनुसार मूल्यवृद्धि भएपछि हाल सूर्यमुखी तेलको मूल्य प्रतिकार्टोन दुई हजार दुई सय रुपियाँदेखि दुई हजार चार सय रुपियाँसम्म र भटमास तेलको मूल्य पनि प्रतिकार्टोन दुई हजार तीन सय रुपियाँ थोकमा पुगेको छ। तोरीको तेलमा प्रतिकार्टोन तीन सय रुपियाँ बढेर दुई हजार आठ सय रुपियाँबाट तीन हजार रुपियाँ पुगेको छ। गएको दुई वर्षयता खानेतेलको मूल्य सस्तो भएको थियो। त्यतिबेला कच्चा सामग्रीको मूल्य घटेका कारण देखाउँदै उद्योगीले मूल्य घटाएका थिए।

चाडको मौका छोपेर मूल्य बढ्दा सरकार मौन बस्नु उपभोक्तामाथि खेलबाड र अनुत्तरदायि काम हो। उत्पादकले खानेतेलमा 'मनोमानी' कायम गरेको खुद्रा व्यापार सङ्घको आरोप लगाएको छ। उद्योगीले खानेतेलको मूल्य आफूखुसी मूल्य निर्धारण गरेका कारण मूल्य ह्वात्तै बढेको छापछिल्लो एक वर्षमा सबैभन्दा घटेको खानेतेल अहिले चाडपर्वको मुखमा अन्तर्राष्ट्रिय बजारमा पाम आयल बढेको भन्दै मनलाग्दी रूपमा खानेतेलको मूल्य बढाएका छन्। सरकार जनताप्रति उत्तरदायी भएर औचित्यहिन मूल्य वृद्धि रोक्न खुट्टा दह्रो टेक्न सक्नुपर्छ।

# तनहुँ मालपोतद्वारा ३६ करोड राजस्व सङ्कलन

**पोखरापत्र संवाददाता**
तनहुँ, ९ असोज

मालपोत कार्यालयले आर्थिक वर्ष २०८०/८१ मा रु ३६ करोड राजस्व सङ्कलन गरेको छ। यो आव २०७९/८० को तुलनामा रु छ करोडले बढी हो।

गत आवमा रु ३० करोड २१ लाख ४९ हजार चार सय ३२ सङ्कलन गरेको कार्यालयका लेखा अधिकृत विष्णुप्रसाद तिमिल्सिनाले जानकारी दिनुभयो। सङ्कलित रकममध्ये रु १२ करोड ८६ लाख ६७ हजार नौ सय ७४ सङ्घीय सञ्चित कोषमा, रु चार करोड ९५ लाख ७५ हजार दुई सय ८३ प्रदेश सञ्चित कोषमा दाखिला भएको छभने बाँकी रु १८ करोड १३ लाख आठ हजार नौ सय ७० मध्ये ६० प्रतिशत जिल्लाका १० स्थानीय पालिकामा र ४० प्रतिशत गण्डकी प्रदेश सरकारको खातामा दाखिला भएको छ।

जग्गा वर्गीकरण लागू हुँदा जिल्लाका अधिकांश जग्गा आवासीय क्षेत्रमा वर्गीकरण गरिएका कारण राजस्व सङ्कलनमा वृद्धि भएको सो कार्यालयले जनाएको छ। कृषि जग्गाको तुलनामा आवासीय जग्गाको राजस्वदर बढी रहेकाले राजस्व वृद्धि भएको हो। बैंक तथा वित्तीय सङ्घसंस्थाले ऋण लगानी गरी असुली गर्न नसकेपछि लिलाम गरी दाखिला खारेजी गर्दा, घरजग्गाको न्यूनतम मूल्य छाडेर धितोमा कारोबारलगायत कार्यबाट उल्लेखनीय राजस्व सङ्कलन बढ्नुको अर्को कारण हो।

# मनाङमा फस्टाउँदै बेमौसमीखेती

**पोखरापत्र संवाददाता**
मनाङ, ९ असोज

खेतीपाती तथा कृषिका लागि दुर्गम मानिने हिमाली जिल्ला मनाङ फेरिँदै गएको छ। कृषि पकेट क्षेत्र तोकिएका अन्य स्थानमा जस्तै व्यावसायिक रूपमा विभिन्न प्रजातिका अन्न र कृषिउपज उत्पादन हुन थालेका छन्। यहाँ विभिन्न प्रजातिको तरकारी उत्पादन हुन थालेपछि लमजुङ हुँदै अन्यत्र निकासी गर्न थालिएको छ।

समुन्द्री सतहदेखि दुई हजार सात सय मिटर उचाइमा अवस्थित सदरमुकाम चामेमामात्र नभई तीन हजार पाँच सय ४० मिटर उचाइमा पर्ने डिस्याङ गाउँपालिकामा बन्दाकोपी, गाँजर, मूला, गोलभैँडा, रायोलगायत बेमौसमी तरकारी उत्पादन हुन थालेको छ।तरकारी उत्पादन हुन थालेपछि आन्तरिक खपतसँगै निकासी गर्न थालिएको र आयात प्रतिस्थापन सम्भव हुन थालेको कृषि ज्ञान केन्द्रले जनाएको छ। मनाङका चारवटै पालिकामा एक दशकयता टनेलखेतीको अभ्यास हुँदै आएको छ। यसले किसान र स्थानीय बासिन्दालाई उत्साहित बनाएको छ। अर्कोतर्फ चिन्ता पनि बढाएको छ। विश्वव्यापी तापक्रम वृद्धिले हिमपात कम भएर रैथाने बालीनाली लोप हुने अवस्थामा पुगेको छ। रैथाने बालीनालीको स्वाद र गुणस्तर खस्किँदै गएको किसानको चिन्ता छ। पर्यटन व्यवसायी समिति मनाङका अध्यक्ष विनोद गुरुङ भन्नुहुन्छ, "पहिले टनेलमा तरकारीखेती गरिन्थ्यो। बाहिरबाट आयात गर्नुभन्दा यही थोरै भए पनि उत्पादन गर्ने गरेका थियौँ। अहिले टनेलबिना तरकारी उत्पादन हुन थालेको छ।" उहाँका अनुसार हाल माथिल्लो मनाङमा टनेलबिना बन्दाकोपी, काउली, गोलभैँडा, गाँजर, मूला, धनियाँलगायत तरकारीखेती हुँदै आएको छ।

नासों गाउँपालिका-८ ताचैका सोलबहादुर गुरुङ भन्नुहुन्छ, "अहिले त स्याउ मात्रै तीन/चारथरी फल्न थालेको छ। पहिला जस्तो हिउँ पर्दैन। पानी र गर्मी अलि बढ्न थालेको छ। यस्तो हुँदा स्याउसहित अन्य बालीको स्वाद फेरिँदै गएको छ।" आलुको स्वाद पहिलेको जस्तो नरहेको उहाँको अनुभव छ। स्याउ, मकै, भटमास, आलु, जौ, उवा, करु, फापर, गहुँ, कोदो, राजमा जस्ता कृषिउपज मनाङका रैथाने बालीनाली हुन्। समयअगावै फूलफूल र अन्नबाली पाक्न थालेको अनुभव स्थानीयवासीले गर्न थालेका छन्। मनाङका अधिकांश किसान परम्परागत खेतीपाती छाड्दै व्यावसायिक स्याउखेतीतर्फ आकर्षित हुन थालेका छन्। रैथाने बाली हराउँदै जाने र गुणस्तर खस्किने चिन्ता बढ्न थालेसँगै कृषि ज्ञान केन्द्रले अनुदानसहितका सचेतना कार्यक्रम प्राथमिकतामा राखेको केन्द्र प्रमुख मदन रेग्मी बताउनुहुन्छ। जलवायु परिवर्तनको प्रभावले बालीनालीको उत्पादन र गुणस्तरमा प्रभाव पारिरहेको बताउँदै उहाँले भन्नुभयो, "रैथाने बालीको बीउ जोगाउन, परम्परागत खेतीलाई प्रोत्साहन गर्न हामी स्थानीय तहसँग सहकार्यमा जुटेका छौँ।" मौसम परिवर्तनले कतिपय पुराना बालीको उत्पादकत्व घट्न थालेको अनुभव सुनाउने आगन्तुकले विकल्प खोज्दै आफ्ना भेगमा नयाँ फल/बिरुवातर्फ चासो लिने गरेको केन्द्रकी बागवानी विकास अधिकृत शोभा शर्माले बताउनुभयो।

गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन,उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८१/०४/३०

यस कार्यालयबाट मिति २०६५/०७/२९ मा कास्की जिल्ला पोखरा १७ कास्कीमा संचालन गर्ने गरि पोखरा १७ कास्की निवासी धरणीधर बरालको नाउँमा दर्ता भएको फर्म दर्ता नं. ६१६५/०६५/०६६ को दिप्ती रेष्टुरेण्ट नामक प्राईभेट फर्मको प्रोप्राईटरको मिति २०७६/१०/१८ मा मृत्यु भएको हुँदा निजको श्रीमती पोखरा ०७ कास्की निवासी लिला बरालले मिति २०८१/०४/३० मा फर्म बन्द गरीपाँउ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुदाँ यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्याद भित्र लिखित उजुरी नपरेमा उक्त फर्म लिला बरालको निवेदन अनुसार बन्द भई जाने हुदाँ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**

# Phedikhola Rural Municipality
# Office of Rural Municipal Executive
## Phedikhola, Syangja
## Gandaki Province, Nepal

## For Procurement of Fabricated Steel Parts of Lamachaur Sthanchaur Trail Bridge

First Date of Publication: 26 September, 2024 (2081/06/10)

1. The Government of Nepal (GoN) has allocated conditional TB-SWAp funds to Phedikhola Rural Municipality for Trail Bridge Program and the Rural Municipality intends to apply the funds to cover eligible payments under the Contract ID: 5-PRM-G-SQ-TB-081-82-5 for Fabrication, supply and transportation of steel parts and fixtures up to the road head of Lamachaur Sthanchaur Truss bridge at Phedikhola-02, Syangja. Sealed quotation is open to all eligible Nepalese Bidders. The estimated amount of the work is NRs. 1,651,290.55 (Including Overhead & VAT but excluding contingencies).
2. The Phedikhola Rural Municipality invites sealed or electronic quotation from registered fabricators for supply of fabricated steel parts for Lamachaur Sthanchaur Trail Bridge. Detailed Evaluation and Qualification Criteria are provided in the Sealed Quotation (SQ) Documents.
3. The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum one trail bridge within last five years is the minimum experience criteria. New fabricators may apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by DoLI may also apply. However, Sealed quotations of such fabricators shall be considered responsive only in case fabricators fulfill the requirements.
4. Eligible Bidders may obtain further information and inspect the Sealed quotation (SQ) documents at the Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja at Website: www.phedikholamun.gov.np or PPMO's Website: www.bolpatra.gov.np/egp.
5. Sealed quotation (SQ) documents may be purchased from the Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja by eligible Bidders, on submission of a written application and upon payment of a non-refundable fee of NRs. 1000.00 for Sealed Quotation (SQ) documents until the 15 October, 2024 (2081/06/29) during office hours. In case of electronic submission, bidder can download the Sealed Quotation (SQ) document from PPMO's web site: www.bolpatra.gov.np/egp on deposition of mentioned amount in the following account for the cost of Sealed Quotation (SQ) document. To Purchase bid document, information required are as follows:
   Account No.: 06501000000030800180; Account Name: Aantarik Rajaswa Khata of Phedikhola Rural Municipality; Name of bank: Prime Bank Ltd., Phedikhola Branch.
   The bidder who choose to submit sealed quotation through PPMO's website: www.bolpatra.gov.np/egp, the scanned copy of voucher of cost of biding document in pdf format should be submitted along with the sealed quotation.
6. Sealed Quotation (SQ) must be submitted to the Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja by hand or through PPMO's Website: www.bolpatra.gov.np/egp, on or before 12:00 noon on 16 October, 2024 (2081/06/30). Documents received after this deadline shall not be accepted.
7. Sealed Quotation (SQ) will be opened in the presence of bidders' representatives who choose to attend at 12:00 noon on 16 October, 2024 (2081/06/30) at the Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja. Sealed Quotation (SQ) must be valid for a period of 45 days after SQ opening and must be accompanied by bid security, amounting to a minimum of NRs. 42,000.00, which shall be valid for 30 days beyond the bid validity period. In case of electronic biding, the bidder should submit scanned copy of bid security document or Cash deposit voucher (Dharauti) in pdf format along with the bid.
8. If bidder wishes to submit the Bid Security in the form of cash, bidder should deposit the cash amount in Dharauti Account No. 06501000000003600179 of Phedikhola Rural Municipality at Prime Bank Ltd. Phedikhola and should submit original copy of bank deposit voucher along with the SQ. In case of electronic submission, the bank voucher in Pdf format should be uploaded along with the SQ.
9. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : मानसिक तनाब |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बड्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : शारीरिक झमेला | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# भानुमा छ्यानब्बे गाईभैँसीको थुनेलो परीक्षण

**पोखरापत्र संवाददाता**
तनहुँ, ९ असोज

जिल्लाको भानु नगरपालिकाको पशुपक्षी तथा मत्स्य विकास शाखाले व्यावसायिक किसानका गाईभैँसीको दूधको नमूना सङ्कलन गरी परीक्षण गरेको छ।

शाखाले पशुहरूमा हुने थुनेलो रोग रोकथामका लागि परीक्षण गरी किसानलाई औषधि तथा उपचार सामग्री निःशुल्क उपलब्ध गराएको हो । नगरपालिकाले आयोजना गरेको शिविरमा ५६ किसानका ९६ वटा गाईभैँसीको दूधको नमूना सङ्कलन गरी परीक्षण गरिएको पशु सेवा प्राविधिक अमित ढुङ्गानाले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “५६ गाई र ४० भैँसीको दूधको नमूना परीक्षण गर्दा १३ किसानको २३ गाई र १२ भैँसीमा थुनेलो सङ्क्रमण देखिएको छ।”

भानु-८ बगालेफाँटमा रहेको प्रगति दुग्ध उत्पादक सहकारी संस्थामा आवद्ध किसानका पशुको दूधको थुनेलो परीक्षण गरिएको ढुङ्गानाले बताउनुभयो । उहाँका अनुसार सङ्क्रमण देखिएका पशुलाई उपचारका लागि बेटाडिन, मास्ट मलम, गिलसिरिन र गाईभैँसीको थुन उपचारमा सहयोग सामग्री, मिनिरल, भिटामिनलगायत सामग्री वितरण गरिएको छ।

थुनेलो देखिएका पशुलाई औषधिसहितको सामग्री वितरणअघि उपचार तथा प्रयोग विधिसहित थुनेलो रोगका लक्षण, यसबाट हुने असर, रोग लाग्न नदिने उपायका बारेमा प्रशिक्षण पनि दिइएको थियो । भानु-८ र ९ का पशुपालन फार्म सञ्चालक किसानलाई शाखाका प्रमुख डा सुशील ऐरी, पशु सेवा प्राविधिक महेन्द्र अधिकारीले सहजीकरण र उपचार सामग्री वितरण गर्नुभएको थियो ।

पछिल्लो समय गाईभैँसीमा यो रोगको सङ्क्रमण बढिरहेको पाइएकाले यसको नियन्त्रण र रोकथामका लागि नमूना सङ्कलन गरी परीक्षण गरिएको हो। रोगका कारण दूध उत्पदनमा कमी हुने र पशुको स्वास्थ्यमा गम्भीर असर पर्ने भएकाले किसानको लगानी जोखिममा पर्ने गरेको छ। दुहुनो गाईभैँसीको सरसफाइमा किसानको लापरबाही गर्नु, ज्ञानको कमीलगायत कारणले थुनमा सङ्क्रमण भई थुनेलो लाग्ने पशु चिकित्सक बताउँछन् ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि.सं. २०२२/०१/१० गते

स्वर्गारोहणः
वि.स. २०८१/०६/०२ गते

**स्व. रामचन्द्र श्रेष्ठ**

यस गुठीका गुठीयार पोखरा–१० रामपथ निवासी **रामचन्द्र श्रेष्ठ** को ५९ वर्षको उमेरमा असामायीक स्वर्गारोहण भएकोले हामी गुठी परिवार अति नै मर्माहत र स्तब्ध भएका छौं। उहाँको स्वर्गारोहण भएको आज ९औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारणा गर्ने शक्ति भगवानले प्रदान गरून भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**श्री पंचमी गुठी परिवार, पोखरा**


# कोरला नाकामा सञ्चार सुविधा विस्तार

**पोखरापत्र संवाददाता**
म्याग्दी, ९ असोज

चीनको स्वशासित क्षेत्र तिब्बतसँगको सिमाना कोरलामा नेपाल टेलिकमले सेवा विस्तार गरेको छ।

बागलुङस्थित नेपाल टेलिकमका प्रमुख सन्तोष बरालका अनुसार कोरला नाकामा टु जी र फोर जी इन्टरनेट तथा मोबाइल फोन सेवा सञ्चालनका लागि बिटिएस टावर खडागरी मङ्गलबारदेखि सेवा प्रारम्भ भएको हो । लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसीनर्बु गुरुङले सञ्चार सुविधा भएपछि स्थानीयवासी, व्यापारी, सुरक्षाकर्मी, भन्सारका कर्मचारी र कोरला नाका पुग्ने जोकोहीलाई सञ्चार गर्न सहज भएको बताउनुभयो।

एक वर्षअघि सञ्चालनमा आएको कोरला नाकामा गत वैशाखमा केन्द्रीय प्रसारण लाइनको विद्युत् सुविधा विस्तार भएको थियो। नाकामा गण्डकी प्रदेश सरकारको लगानीमा गत साउनमा निर्माण भएका भवनमा अध्यागमन, भन्सार, सुरक्षा निकायको कार्यालय स्थापना गर्ने तयारी भएको प्रमुख जिल्ला अधिकारी जनकराज पन्तले बताउनुभयो।

मुस्ताङको लोमान्थाङ, वारागुङ मुक्तिक्षेत्र, घरपझोङ, थासाङ, लोघेकर र दामोदरकुण्ड गाउँपालिकाका बासिन्दा तिब्बतको नेचुङ-लिचीसम्म व्यापार गर्न नियमित रूपमा आवतजावत गर्दै आएका छन्।

# बागलुङमा बन्यो पाँच शैयाको अस्पताल भवन

**पोखरापत्र संवाददाता**
बागलुङ, ९ असोज

काठेखोला गाउँपालिका-६ बिहुँमा अस्पताल सञ्चालन गर्नेगरी निर्माण भएको स्वास्थ्यचौकी भवन सम्बन्धित निकायलाई हस्तान्तरण भएको छ।

सघन सहरी तथा भवन निर्माण आयोजनाले काठेखोला गाउँपालिका-६ का अध्यक्ष तथा स्वास्थ्यचौकी व्यवस्थापन समितिका अध्यक्ष वृहस्पति कँडेललाई भवनको साँचो मङ्गलबार हस्तान्तरण गर्नुभयो । दुईतले भवनमा सना-ठूला ५३ वटा कोठा छन् । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको रु छ करोड १२ लाख लागतमा उक्त भवन निर्माण भएको हो । “भवनको जिम्मेवारी लिएका छौँ, स्वास्थ्यमन्त्रीबाट उद्घाटन गराएपछि नयाँ भवनबाट सेवा प्ररम्भ हुन्छ”, अध्यक्ष कँडेलले भन्नुभयो, “पाँच शय्याको अस्पताल सञ्चालन गर्ने योजना छ, जनशक्ति व्यवस्थापनपछि अस्पताल सञ्चालनमा गरिने छ।”

# गाउँ फर्कनेलाई छ महिनाको खाद्यान्न खर्चसहित थप एक लाख अनुदान

**पोखरापत्र संवाददाता**
बागलुङ, ९ असोज

आफू बसेको गाउँठाउँ छाडी अन्यत्र गएकाहरू पुरानै स्थानमा फर्किएमा महाशिला गाउँपालिकाले रु. एक लाख अनुदान र ६ महिनालाई पुग्ने खाद्यान्नको खर्च प्रदान गर्ने भएको छ। गाउँलेहरू बसाइँ सर्न थालेपछि पालिकाले यस्तो कार्यक्रम अघि सारेको गाउँपालिकाका अध्यक्ष ईश्वरीप्रसाद भुसालले बताउनुभयो।

गाउँपालिकाले चालु आर्थिक वर्षदेखि यस्तो कार्यक्रम लागु गरेको हो । गाउँ छाडेर गएकाहरू फर्किएमा उनीहरूले अनुदान पाउने उहाँले बताउनुभयो। गाउँ फर्केकाहरूलाई आफ्नो खेतबारीमा अन्न फलाउन कम्तीमा छ महिना लाग्ने भएकाले उनीहरूको परिवारका सदस्यहरुको भरणपोषका निम्ति गाउँपालिकाले नै खाद्यान्न उपलव्ध गराउने छ।

चामल, दाल, तेल, तरकारीका निम्ति पनि अनुदान दिइने उहाँले बताउनुभयो । अध्यक्ष भुसालका अनुसार एक वर्षमा यो पालिकावाट ९३ परिवारका तीन सय २५ जना बसाइँ सरेका छन्।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली





**स्वः कर्णेल रामकाजी गुरुङ**

जन्मः
वि.स. १९९३/०८/२४ गते

स्वर्गारोहणः
वि.स. २०८१/०५/०७ गते

**स्वः कमला गुरुङ**

जन्मः
वि.स. १९९७/०८/२९ गते

स्वर्गारोहणः
वि.स. २०८१/०६/०२ गते

साविक अर्मलाकोट गाउँ घर भई हाल पोखरा महानगरपालिका वडा नं. १३ बाभ्रापाटन जय नेपाल मार्ग निवासी यस विजयपुर पोखरी स्वाँरा-१३ **“कोर्गो लेम्मै ट्हों धिं”** का सम्मानित जि. मु. खे. गज बहादुर गुरुङ र माँ नाना गुरुङका छोरी/ज्वाइँ **कर्णेल रामकाजी गुरुङ**को ८९ वर्षमा र छोरी **कमला गुरुङ (कौशी)** को ८४ वर्षमा भएको असामयिक निधनले हामी **“कोर्गो लेम्मै ट्हों धिं”** परिवार अत्यन्त मर्माहत एवम् स्तब्ध भएका छौं। आज उहाँहरु दुबै जनाको पितृकार्यको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःख र पिडाको कठिन घडीमा शोकसन्तप्त परिवारजनमा धैर्य धारणा गर्ने शक्ति भगवानले प्रदान गरुन भनि प्रार्थना गर्दै गहिरो समवेदना व्यक्त गर्दछौं।

**कप. मन बहादुर गुरुङ**
**अध्यक्ष एवम्**
**सम्पूर्ण कोर्गो लेम्मै ट्हों धिं परिवार**
**पोखरा**